

# विचार निर्माण, राजनीतिक दल र नेतृत्वप्रति नागरिक दृष्टिकोण, २०८२

**प्रेम दर्शन सापकोटा, सृष्टि अधिकारी र तिलक पाठक**

## परिचय

अहिले धेरैजसो मानिस साथीभाइ र आफन्तसँग कुराकानीका लागि मात्र नभएर कुनै जानकारी खोज्नदेखि प्रचार गर्न/फैलाउन सामाजिक सञ्जाल प्रयोग गर्छन् । नेपालमा पनि सामाजिक सञ्जालको प्रयोग बढ्दो छ । धेरै नेपाली सूचनाको प्राथमिक स्रोतका रूपमा सामाजिक सञ्जालमा भर पर्ने भएकाले फेसबुक, टिकटक र युट्युब जस्ता प्लेटफर्म लोकप्रिय विकल्प बनिरहेका छन् । रेडियो, टेलिभिजन र पत्रपत्रिका जस्ता परम्परागत माध्यमहरू सूचना उपभोगका लागि प्रयोग गरे पनि कुनै सूचना फैलाउन, प्राप्त गर्न र छलफलका लागि सामाजिक सञ्जाल प्राथमिक माध्यम बनेको छ ।[१] सार्वजनिक मुद्दाहरू र बहसमा सामाजिक सञ्जालको प्रभाव उल्लेखनीयरूपमा विस्तार भएको छ जबकि परम्परागत मिडियाको प्रभाव कमजोर भएको छ ।[२] प्रत्येक प्रयोगकर्ताले सामाजिक सञ्जालहरूमा विचार व्यक्त गर्ने, त्यसलाई सेयर गर्ने र पुनः पोस्ट गरी धेरै प्रयोगकर्तासमक्ष त्यो विचार पुर्‍याउने भएकाले विचार निर्माणमा यसको महत्त्वपूर्ण र निर्णायक भूमिका हुन थालेको हो ।

त्यसमाथि रोजगारी, अध्ययन र अन्य कारणले गर्दा देश छाडी विदेश जानेहरूको सङ्ख्या पछिल्लो समय बढ्न थालेको छ जो आफन्त र साथीभाइसँग सामाजिक सञ्जालमार्फत जोडिने गरेका छन् । नेपालको सन्दर्भमा भन्ने हो भने विभिन्न कारणले गर्दा बर्सेनि १६ लाख नेपालीले देश छाड्ने गरेका छन् ।[३] राष्ट्रिय जनगणना २०७८ को पूर्ण प्रतिवेदनअनुसार १५ लाख ५५ हजार १६१ परिवारका २१ लाख ९० हजार ५९२ जना विदेशमा बस्ने गर्छन् ।[४] यसरी विदेशमा बस्ने नेपालीहरू सामाजिक सञ्जालको माध्यमबाट आफन्त र साथीहरूसँग जोडिएका मात्रै हुँदैनन्, उनीहरू नेपालको सामाजिक, राजनीतिकलगायतका घटनाहरूमा विचार निर्माण गर्ने कार्यमा पनि उत्तिकै सक्रिय हुने गर्छन् । यसअघिका प्रतिनिधि सभाको निर्वाचनमा उनीहरूले नेपालमा बस्ने

१ Dahal, R. & Acharya, U. (2025). An Anatomy of Information Manipulation in Nepal, in Acharya, U. (ed.). *Nepal's Misinformation Landscape*. Center for Media Research-Nepal. https://doi.org/10.62657/cmr25aa

२ Ibid

३ Onlinekhabar. (2024, January 9). *1.6 million Nepalis left the country in 2023*. Onlinekhabar English News. https://english.onlinekhabar.com/nepalis-left-the-country-2023.html

४ Central Bureau of Statistics. (2023). National population and housing census 2021 (National report). National Planning Commission. https://cbs.gov.np/national-population-and-housing-census-2021-national-report/

आफन्तजनलाई कन्भिन्स गर्नेदेखि[५] धेरथोर जनमत प्रभावित गर्नेसम्मको काम गरेका तर्कसमेत गर्ने गरिएको छ । जे होस्, विदेशमा रहने नेपाली यहाँको सामाजिक एवं राजनीतिक मुद्दाहरूमा सक्रियरूपमा सहभागी हुने गरेका छन् ।

अहिले जेन-जी आन्दोलन/विद्रोहपश्चात सुशासन, राजनीतिक दलहरू र आगामी दिनमा मुलुकको नेतृत्व कस्तो हुने भन्ने विषयमा गहन चर्चा भइरहेको छ । छोटो अवधिमा नै सत्ता परिवर्तन गराएको यस आन्दोलनबारे विभिन्न कोणबाट विश्लेषण भइरहेका छन् । आन्दोलनको उभारलाई मुख्यतः नेपाली समाजमा अर्थ-राजनीतिक कारणले चुलिँदै गएको असन्तुष्टि र भूराजनीतिक दबाबले सिर्जना भएको परिस्थितिको दायराबाट व्याख्या गरिएको छ । हुन त विगत केही वर्षदेखि नेपालमा शासनको तरिका र मूल नेतृत्वको कार्यशैलीप्रति नागरिक असन्तुष्ट रहेका विषय सामाजिक सञ्जाल र मिडियामा उठ्ने नै गरेका थिए ।

प्रतिनिधि सभामा रहेका प्रमुख २ ठूला दलको सरकार र आवधिक निर्वाचनको मध्यान्तर पुग्दै गर्दा उठेको सामाजिक असन्तुष्टिको चर्चाबीच हामीले गण्डकी प्रदेशमा सर्वेक्षणमार्फत लोकमत बुझ्ने प्रयास गरेका थियौँ । उक्त सर्वेक्षणले देखाएका प्रमुख पक्षबारे सरोकारवालासँग छलफल गरेपछि पुरक एशियाले वैशाख-असारमा मधेस, लुम्बिनी प्रदेश र काठमाडौँ उपत्यकामा नागरिक धारणा बुझ्न थप सर्वेक्षणहरू गरेको थियो ।

सर्वेक्षणले शासनको तरिका, राजनीतिक दलहरू, राजनीतिक नेतृत्व र विचार निर्माणका सवालमा लोकमत कस्तो छ भन्ने कुरा खोतल्ने प्रयास गरेको छ । अहिले बहसको केन्द्रमा रहेका यी विषयलाई बहुआयामिकरूपमा बुझ्न सर्वेक्षणबाट प्राप्त नागरिक मतले अवश्य मद्दत गर्नेछ । साथै, जेन-जी आन्दोलनलाई विश्लेषण गर्ने सन्दर्भमा पनि यी नागरिक मत उपयोगी बन्नेछन् ।

## अनुसन्धान विधि

यो अध्ययन मधेस (धनुषा, सप्तरी, रौतहट र पर्सा), लुम्बिनी (दाङ, नवलपरासी, बर्दिया र गुल्मी) र काठमाडौँ उपत्यका (काठमाडौँ, ललितपुर र भक्तपुर) गरी कुल ११ जिल्लामा गरिएको छ । र्‍यान्डम स्याम्पलिङ तरिका प्रयोग गरी मधेस र लुम्बिनी प्रदेशबाट ४/४ वटा जिल्ला छनोट गरिएको थियो भने काठमाडौँ उपत्यकाको हकमा जिल्लाको सङ्ख्या थोरै भएकाले ३ वटै जिल्ला छनोट गरिएको थियो । सन्तुलित प्रतिनिधित्वका लागि मधेस र लुम्बिनी प्रदेशका प्रत्येक जिल्लाबाट सबै भन्दा धेरै जनसङ्ख्या भएको १ गाउँपालिका र १ नगरपालिका छनोट गरिएको थियो भने काठमाडौँ उपत्यकाकाअन्तर्गतका जिल्लाबाट सबै भन्दा धेरै जनसङ्ख्या भएको नगरपालिका छनोट गरिएको थियो ।

सर्वेक्षणमा मधेस प्रदेशबाट धनुषा (जनकपुर उपमहानगरपालिका र लक्ष्मिनियाँ गाउँपालिका), सप्तरी (राजविराज नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिका), रौतहट (चन्द्रपुर नगरपालिका र यमुनामाई गाउँपालिका), पर्सा (वीरगन्ज महानगरपालिका र सखुवा प्रसौनी गाउँपालिका) छनोटमा परेका थिए भने लुम्बिनी प्रदेशबाट दाङ (घोराही उपमहानगरपालिका र राप्ती गाउँपालिका), बर्दिया (बारबर्दिया नगरपालिका र बढैयाताल गाउँपालिका), गुल्मी (रेसुङ्गा नगरपालिका र सत्यवती गाउँपालिका) र नवलपरासी (बर्दघाट नगरपालिका र प्रतापपुर गाउँपालिका) छन् । त्यस्तै काठमाडौँ उपत्यकाबाट काठमाडौँ (काठमाडौँ महानगरपालिका), ललितपुर (ललितपुर महानगरपालिका) र भक्तपुर (सूर्यविनायक नगरपालिका) सर्वेक्षणका क्रममा छनोटमा परेका थिए ।

सर्वेक्षणमा मधेस, लुम्बिनी प्रदेश र काठमाडौँ उपत्यकाबाट ४७५ जनाको दरले कुल १४२५ उत्तरदाता छनोट गरिए पनि लुम्बिनी प्रदेशअन्तर्गत नवलपरासी जिल्लाको प्रतापपुर गाउँपालिकाबाट १ जना थप गरी १४२६ जनामा सर्वेक्षण गरिएको थियो । शतप्रतिशत तथ्याङ्क (मधेसबाट ३३.३१, काठमाडौँबाट ३३.३१ र लुम्बिनीबाट ३३.३८ प्रतिशत) का लागि यसो गरिएको थियो । यो नमुना छनोट गर्दा 'मार्जिन अफ एरर' ४.५ प्रतिशत र 'कन्फिडेन्स लेभल' ९५ प्रतिशत छ । सर्वेक्षणका क्रममा बहुचरण छनोट विधि अपनाइएको थियो । पालिका छनोट भएपछि पहिलो चरणमा हरेक पालिकाबाट बराबर वडा छनोट गरिएका थिए भने दोस्रो चरणमा बसाइँ सराइका आधारमा वडाहरूलाई समूहमा विभाजन गरी 'सिम्पल र्‍यान्डम स्याम्पलिङ' विधिका आधारमा सर्वेक्षण टोली जाने क्षेत्र पहिचान गरिएको थियो । तेस्रो चरणमा चाहिँ सर्वेक्षण टोली जाने क्षेत्रको घर गणना गरी 'सिस्टमेटिक र्‍यान्डम स्याम्पलिङ' मार्फत सर्वेक्षण गर्ने घर छनोट गरिएको थियो । त्यसपछि सर्वेक्षकले घडीको दिशा पछ्याएर घर/परिवार छनोट गरे । गाउँपालिकाको हकमा प्रारम्भिक घर/परिवार छनोट गरिसकेपछि प्रतितेस्रो घर/परिवार र नगरपालिकाको हकमा प्रतिपाँचौँ घर/परिवार छनोट गरियो ।

५ भट्टराई, फणिन्द्र (२०७४ मङ्सिर १६) । विदेश बस्ने नेपालीलाई किन यति सारो नेपालको राजनीतिमा चासो । सेतो पाटी । https://www.setopati.com/global/uk/115008

अन्त्यमा 'किस ग्रिड' विधि प्रयोग गरी अन्तर्वार्ताका लागि चयन गरिएका घर/परिवारबाट १८ वर्ष वा त्यस भन्दा माथिका १ जना उत्तरदाता छनोट गरियो । प्रत्येक चरणमा प्रतिनिधित्व एकिन गर्न यस किसिमको विधि अपनाइएको हो ।

सर्वेक्षणमा पुरुष ५०.९८ र महिला ४९.०२ प्रतिशत सहभागी थिए । सर्वेक्षणमा सबै भन्दा धेरै ४६ देखि ६० वर्ष उमेर समूहको सहभागिता थियो जुन कुल सहभागीको २६.०१ प्रतिशत हो । त्यस्तै, ३६ देखि ४५ वर्ष उमेर समूहका २२.२३ प्रतिशत, २६ देखि ३५ वर्ष उमेर समूहका २०.२ प्रतिशत, १८ देखि २५ वर्ष उमेर समूहका १६.३४ प्रतिशत र ६१ वर्ष उमेरमाथिका १५.२२ प्रतिशत सहभागी थिए ।[६]

शैक्षिक योग्यताको हिसावले सर्वेक्षणमा निरक्षर १०.७३ प्रतिशत, साक्षर मात्रै रहेका ५.६१ प्रतिशत, ५ कक्षासम्म अध्ययन गरेका १०.८ प्रतिशत, कक्षा ९ सम्म अध्ययन गरेका १८.७२ प्रतिशत, एसएलसी एवं एसइइ उत्तीर्ण १६.५५ प्रतिशत, प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेका २०.४९ प्रतिशत, स्नातक उत्तीर्ण ११.९ प्रतिशत, स्नातकोत्तर वा त्यसमाथिको शिक्षा लिएका ५.१ प्रतिशत सहभागी थिए । व्यावसायिक तालिम भन्नेचाहिँ ०.१ प्रतिशत थिए ।

सर्वेक्षणमा सहभागीमध्ये ८२.१९ प्रतिशत विवाहित थिए भने १४.८७ प्रतिशत अविवाहित थिए । त्यस्तै सम्बन्ध विच्छेद गरेका वा छुट्टिएका ०.४९ प्रतिशत र विधुर/विधवाचाहिँ २.४५ प्रतिशत थिए ।

सर्वेक्षणमा सहभागीमध्ये सबै भन्दा धेरै अर्थात् २७.६ प्रतिशत पहाडी जात थिए भने त्यसपछि २५ प्रतिशत पहाडी जनजाति र १८.३ प्रतिशत तराई जात थिए । सर्वेक्षणमा सहभागीमध्ये तराई जनजातिको मात्रा १० प्रतिशत थियो भने थारू ७.४ प्रतिशत, तराई दलित ५.१ प्रतिशत, पहाडी दलित ३.९ प्रतिशत, मुस्लिम २.५ प्रतिशत र हिमाली जनजाति ०.२ प्रतिशत थिए ।[७]

धर्मका हिसाबले सबै भन्दा धेरै ९०.५ प्रतिशत हिन्दु थिए । बौद्ध धर्म मान्नेहरू ४.७ प्रतिशत, इस्लाम २.५ प्रतिशत, इसाई १.५ प्रतिशत, किराँत ०.३ प्रतिशत, प्रकृति ०.१ प्रतिशत र नास्तिक ०.२ प्रतिशत थिए भने ०.२ प्रतिशतले भन्न चाहन्न भन्ने जवाफ दिए ।

सर्वेक्षणमा सहभागीमध्ये ४७.५ प्रतिशत जन्मेदेखि नै त्यही ठाउँमा बस्दै आएका थिए । १० वर्ष भन्दा बढी समयदेखि बस्दै आएका ४२.२ प्रतिशत थिए भने ३ वर्ष भन्दा बढी तर १० वर्ष भन्दा कम समय बस्नेहरू ८.३ प्रतिशत थिए । त्यसैगरी ३ वर्ष भन्दा कम समयदेखि सोही ठाउँमा बस्दै आएकाहरूको मात्रा २ प्रतिशत थियो ।

सर्वेक्षणमा सहभागी भएकामध्ये सबै भन्दा धेरै व्यापार/व्यवसाय गर्ने/स्वरोजगार थिए जो २१.८८ प्रतिशत थिए । त्यसपछि कृषक १९.९९ प्रतिशत थिए भने गृहिणी १७.१८ प्रतिशत, निजी क्षेत्रमा काम गर्नेहरू ७.८५ प्रतिशत, विद्यार्थी ७.५७ प्रतिशत र रोजगारी नभएकाहरू ५.४ प्रतिशत थिए । सर्वेक्षणमा सहभागीमध्ये सेवानिवृत्त ५.१२ प्रतिशत, श्रमिक ३.८६ प्रतिशत, सरकारी कर्मचारी २.८८ प्रतिशत, समाजसेवा २.५९ प्रतिशत, शिक्षक/शिक्षिका २.५२ प्रतिशत, सवारी चालक १.६१ प्रतिशत, स्वास्थ्यकर्मी ०.७ प्रतिशत, ठेकेदार ०.४९ प्रतिशत र अन्य भन्ने ०.३६ प्रतिशत थिए ।

सर्वेक्षणमा सहभागी भएकामध्ये सबै भन्दा धेरै मासिक आम्दानी ३० देखि ५० हजार हुने घर परिवार २६.१६ प्रतिशत थिए । त्यस्तै ५० हजार रुपियाँ भन्दा बढी मासिक आम्दानी हुनेहरू २४.८९ प्रतिशत, २० देखि ३० हजार हुने २०.४८ प्रतिशत, १० देखि २० हजार हुने १६.९७ प्रतिशत र १० हजार भन्दा कम मासिक आम्दानी हुने ७.३६ प्रतिशत थिए । सर्वेक्षणमा सहभागीमध्ये १.९७ प्रतिशतले आफ्नो घर/परिवारको मासिक आम्दानी भन्न चाहेनन् भने २.१७ प्रतिशतले थाहा छैन भन्ने जवाफ दिए ।

सर्वेक्षणका क्रममा 'एकदम सहमत', 'सहमत', 'न सहमत न असहमत', 'असहमत' र 'एकदम असहमत' जस्ता बहुविकल्प राखी लाइकर्ट स्केलमा प्रश्नावली सोधिएको थियो । थाहा छैन र भन्न चाहन्न जस्ता विकल्प राखिए पनि यसको सङ्ख्या उल्लेखनीय नभएकाले विश्लेषणका क्रममा जोडेर संयुक्त हिसावले प्रस्तुत गरिएको छ । त्यसो त विश्लेषणका क्रममा कतिपय स्थानमा 'एकदम सहमत' र 'सहमत' लाई जोडेर सहमतका रूपमा प्रस्तुत गरिएको छ भने 'असहमत' र 'एकदम असहमत' लाई जोडेर असहमतका रूपमा उल्लेख गरिएको छ ।

---

६ नेपालमा बालिग उमेर १८ वर्ष भएकाले त्यस भन्दा कम उमेर समूहलाई सर्वेक्षणमा सहभागी गराइएको छैन भने पुस्तागत धारणा बुझ्नका लागि उमेर समूहमा फरक-फरक अन्तराल राखिएको छ ।

७ जातीय समूह विभाजनका लागि पीताम्बर शर्माको नेपाली क्यानभासका रङहरू (सन् २००८) पुस्तकलाई आधार बनाइएको छ ।


# १. विचार निर्माण : कसको भूमिका कति ?

## १.१ सूचनाको स्रोत

सर्वेक्षणका क्रममा बहुसङ्ख्यक (८३.७ प्रतिशत) उत्तरदाताले आफ्नो सूचना एवं समाचारको माध्यम सोसल मिडिया (फेसबुक, ट्विटर आदि) रहेको बताएका छन् । यस्तो बताउनेमा लुम्बिनीका ८९.१ प्रतिशत, मधेसका ८१.३ प्रतिशत र काठमाडौँ उपत्यकाका ८०.६ प्रतिशत उत्तरदाता छन् । सूचना एवं समाचारको स्रोतका रूपमा दोस्रो स्थान (२३.१ प्रतिशत) मा टेलिभिजन छ । मधेसका १३.९ प्रतिशत, लुम्बिनीका १७.९ प्रतिशत र काठमाडौँ उपत्यकाका ३७.७ प्रतिशत उत्तरदाताले चाहिँ टेलिभिजनलाई आफ्नो सूचना एवं समाचार स्रोतका रूपमा उल्लेख गरे ।


मधेस र लुम्बिनी प्रदेशमा रेडियो तेस्रो स्थानमा रहे पनि काठमाडौँ उपत्यकाको हकमा चाहिँ यो माध्यम अनलाइन र पत्रपत्रिकापछि छ। मधेसका ९.९ प्रतिशत र लुम्बिनीका १६.४ प्रतिशतले रेडियोलाई सूचना एवं समाचारको स्रोतका रूपमा उल्लेख गरे। अनलाइनलाई सूचना एवं समाचारको स्रोतका रूपमा लिने मधेसमा ८.२ प्रतिशत र लुम्बिनीमा १३ प्रतिशत छन् भने पत्रपत्रिकाको हकमा मधेसका १.७ प्रतिशत र लुम्बिनीका ३.२ प्रतिशत उत्तरदाताले पत्रपत्रिकालाई सूचना एवं समाचारको स्रोतका रूपमा उल्लेख गरे जबकि काठमाडौँ उपत्यकाका ११.८ प्रतिशतले पत्रपत्रिका, १६.८ प्रतिशतले अनलाइन र ८.४ प्रतिशतले रेडियोलाई सूचना एवं समाचारको स्रोतका रूपमा उल्लेख गरे। काठमाडौँ उपत्यकामा सूचना एवं समाचारको स्रोतका हिसाबले सबै भन्दा कमजोर रेडियो रहेको देखिन्छ।

**तपाईंले सूचना/समाचार कुन माध्यमबाट पाउनुहुन्छ ? मुख्य तिनवटा छनौट गर्नुहोस् ।**




चित्र १.१ (क) : सूचना/समाचार प्राप्त गर्ने माध्यमप्रति उत्तरदाताको धारणा (बहुविकल्प छनोट)

**तपाईंले सूचना/समाचार कुन माध्यमबाट पाउनुहुन्छ ? मुख्य तिनवटा छनौट गर्नुहोस् ।**




**चित्र १.१ (ख) : सूचना/समाचार प्राप्त गर्ने माध्यमप्रति उत्तरदाताको धारणा (बहुविकल्प छनोट)**

## १.२ विचार निर्माणमा कस्तो प्रभाव ?

विचार निर्माण गर्ने सवालमा मूलधारको मिडिया (पत्रपत्रिका, रेडियो, टिभी, अनलाइन) को भूमिका कमजोर छ भन्नेमा ५०.१ प्रतिशत सहमत छन् भने २७.५ प्रतिशत असहमत छन् । यो भनाइमा मधेसका ५६.७ प्रतिशत, लुम्बिनीका ४८.३ प्रतिशत र काठमाडौं उपत्यकाका ४५.४ प्रतिशत उत्तरदाता सहमत छन् । तर काठमाडौं उपत्यकामा यो भनाइप्रति असहमत हुनेको सङ्ख्या (४१.५ प्रतिशत) मधेस (१५.१ प्रतिशत) को भन्दा २६.४ प्रतिशतले र लुम्बिनी (२५.९ प्रतिशत) को भन्दा १५.५ प्रतिशतले बढी भएकाले मधेस र लुम्बिनी प्रदेशको तुलनामा मूलधारको मिडियाको भूमिका काठमाडौं उपत्यकामा बढी देखिन्छ ।

विचार निर्माणमा सामाजिक सञ्जाल (फेसबुक, युट्युब, ट्विटर, टिकटक आदि) को भूमिका महत्त्वपूर्ण छ भन्ने भनाइप्रति ७३.५ प्रतिशत सहमत र ८.७ प्रतिशत असहमत छन् । यो भनाइप्रति मधेसका ६८.२ प्रतिशत, लुम्बिनीका ७५.६ प्रतिशत र काठमाडौंका ७६.९ प्रतिशत सहमत छन् । यस हिसाबले विचार निर्माणको सवालमा सामाजिक सञ्जालको भूमिका मधेस र लुम्बिनी प्रदेशको तुलनामा काठमाडौं उपत्यकामा नै बढी महत्वपूर्ण रहेको उत्तरदाताको ठम्याइ छ ।

आमजनताको धारणा प्रभावित पार्न देश भन्दा बाहिरका नेपालीको विचारले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ भन्ने भनाइप्रति ६३.७ प्रतिशत सहमत छन् भने १५.६ प्रतिशत असहमत छन् । यो भनाइमा सहमत हुने मधेस (५४.६ प्रतिशत) को तुलनामा लुम्बिनी (६८ प्रतिशत) का उत्तरदाता बढी छन् भने त्यस भन्दा पनि काठमाडौँ (६८.६ प्रतिशत) का थोरैले बढी छन् ।


## विचार निर्माण गर्ने सवालमा मूलधारको मिडिया (पत्रपत्रिका, रेडियो, टिभी, अनलाइन) को भूमिका कमजोर छ ।

*तथ्याङ्कहरू प्रतिशतमा*




चित्र १.२ (क) : विचार निर्माणमा मूलधार मिडिया, सामाजिक सञ्जाल र देशबाहिरका नेपालीको भूमिकाप्रति उत्तरदाताको धारणा

**विचार निर्माणमा सामाजिक सञ्जाल (फेसबुक, युट्युब, ट्विटर, टिकटक आदि) को भूमिका महत्त्वपूर्ण छ ।**





चित्र १.२ (ख) : विचार निर्माणमा मूलधार मिडिया, सामाजिक सञ्जाल र देशबाहिरका नेपालीको भूमिकाप्रति उत्तरदाताको धारणा

**आमजनताको धारणा प्रभावित पार्न देश भन्दा बाहिरका नेपालीको विचारले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।**

*तथ्याङ्कहरू प्रतिशतमा*


■ सहमत ■ असहमत ■ न सहमत न असहमत ■ थाहा छैन





चित्र १.२ (ग) : विचार निर्माणमा मूलधार मिडिया, सामाजिक सञ्जाल र देशबाहिरका नेपालीको भूमिकाप्रति उत्तरदाताको धारणा

सामाजिक सञ्जालका कारण कुनै नेता विशेषले नै प्रपोगन्डा (गलत सूचना/भ्रामक खबर) फैलाउन सक्छ भन्ने भनाइप्रति ८०.१ प्रतिशत सहमत र ६.३ प्रतिशत असहमत छन् । यो भनाइप्रति सहमत हुनेमा मधेस (६७.६ प्रतिशत) को तुलनामा लुम्बिनी (८५.१ प्रतिशत) का उत्तरदाता बढी छन् भने त्यस भन्दा पनि काठमाडौँ (८७.४ प्रतिशत) का अझ बढी छन् ।

पार्टी सङ्गठनले नियोजितरूपमा फैलाएको प्रपोगन्डाले आमजनतालाई प्रभाव पार्दैन भन्ने भनाइप्रति सहमत हुने १४.३ प्रतिशत छन् भने यसमा असहमत हुनेहरूको सङ्ख्या ७२ प्रतिशत छ। यो भनाइप्रति सहमत हुनेमा मधेसका १७.१ प्रतिशत, लुम्बिनीका १२.२ प्रतिशत र काठमाडौंका १३.७ प्रतिशत छन्। असहमत हुनेमा मधेस (६३ प्रतिशत) को तुलनामा लुम्बिनी (७४.८ प्रतिशत) का बढी छन् भने त्यस भन्दा पनि बढी काठमाडौँ (७८.३ प्रतिशत) का छन् ।




चित्र १.२ (घ) : विचार निर्माणमा कुनै नेता विशेष र पार्टी सङ्गठनको भूमिकाप्रति उत्तरदाताको धारणा





चित्र १.२ (ङ) : विचार निर्माणमा कुनै नेता विशेष र पार्टी सङ्गठनको भूमिकाप्रति उत्तरदाताको धारणा

# २. राजनीतिक दलप्रतिको जनमत

## २.१ दलप्रतिको आस्था

राजनीतिक पार्टीमा आस्था राख्ने २१.४ प्रतिशत छन् भने आस्था राख्दिन भन्ने ७७.५ प्रतिशत छन्। १.१ प्रतिशतले चाहिँ यो विषयमा भन्न चाहेनन्। सर्वेक्षणमा सहभागीमध्ये काठमाडौँ उपत्यकामा २४.८ प्रतिशत, लुम्बिनीमा २२.९ प्रतिशत र मधेसमा १६.४ प्रतिशत उत्तरदाताले मात्रै राजनीतिक दलमा आस्था राख्ने बताए। यसको ठीक विपरित मधेसमा ८२.३ प्रतिशत, लुम्बिनीमा ७६.१ प्रतिशत र काठमाडौँ उपत्यकामा ७४.१ प्रतिशत उत्तरदाताले आफूले राजनीतिक दलमा आस्था नराख्ने बताए। मधेसका १.३ प्रतिशत उत्तरदाताले भन्न चाहन्न भन्ने जवाफ दिए भने लुम्बिनी प्रदेश र काठमाडौँ उपत्यकामा यस्तो जवाफ दिनेको सङ्ख्या बराबरी (१.१ प्रतिशत) थियो। यसरी काठमाडौँ उपत्यकाका साथै मधेस र लुम्बिनी दुवै प्रदेशका एकतिहाइ भन्दा धेरै कम उत्तरदाताले मात्र राजनीतिक पार्टीमा आस्था रहेको बताएका छन्। राजनीतिक दलमा नजिक देखाउने प्रवृत्ति भन्दा आफूलाई स्वतन्त्र देखाउन खोज्नेहरूको सङ्ख्या बढ्दै गएको देखिन्छ। दलमा आबद्धता भन्दा स्वतन्त्र रहने धेरै छन्।




चित्र २.१ : दलप्रतिको आस्थाको विषयमा उत्तरदाताको धारणा

## २.२ दलमा सैद्धान्तिक प्रष्टता


पुराना र स्थापित राजनीतिक दलहरू आफ्ना सिद्धान्त र सङ्गठनमा प्रष्ट र कुशल छन् भन्ने भनाइप्रति १८.१ प्रतिशत सहमत छन् भने ६०.६ प्रतिशत असहमत छन्। यो भनाइप्रति सहमत हुनेमा मधेस (१६.६ प्रतिशत) को तुलनामा लुम्बिनी (१८.१ प्रतिशत) का बढी छन् भने त्यस भन्दा काठमाडौँ (१९.६ प्रतिशत) का अझ बढी छन्। यो भनाइमा असहमत हुनेमा मधेसका ६३.८ प्रतिशत, लुम्बिनीका ५०.८ प्रतिशत र काठमाडौँका ६७.१ प्रतिशत छन्। मधेसका १७.९ प्रतिशत न सहमत न असहमतको पक्षमा छन् भने लुम्बिनीका २६.५ प्रतिशतले थाहा छैन/भन्न चाहन्न जवाफ दिएका कारण यो भनाइमा सहमत र असहमत हुने दुवै सङ्ख्या मधेस र लुम्बिनी प्रदेशको तुलनामा काठमाडौँ उपत्यकाको बढी हुन पुगेको हो।

पुराना दलले गणतन्त्र र सङ्घीयताको स्वामित्व लिएका छन् भन्ने भनाइप्रति ५१.५ प्रतिशत सहमत र १९.४ प्रतिशत असहमत छन्। यो भनाइप्रति सहमत हुनेमा लुम्बिनी (३८.५ प्रतिशत) को तुलनामा मधेस (५७.१ प्रतिशत) का धेरै छन् भने त्यस भन्दा पनि

बढीचाहिँ काठमाडौँ (५८.९ प्रतिशत) का छन् । नयाँ दल सैद्धान्तिकरूपमा प्रष्ट छन् भन्ने भनाइप्रति ३४.९ प्रतिशत सहमत छन् भने ३८.७ प्रतिशत असहमत छन् । यो भनाइप्रति सहमत हुनेमा लुम्बिनी प्रदेशका २६.१ प्रतिशत छन् भने काठमाडौँ उपत्यकाका ३५.६ प्रतिशत छन् । यसमा सहमत हुनेमा मधेस प्रदेशका चाहिँ ४३.१ प्रतिशत उत्तरदाता छन् ।


नयाँ दल सैद्धान्तिकरूपमा प्रष्ट छन् भन्ने भनाइप्रति ३४.९ प्रतिशत सहमत छन् भने ३८.७ प्रतिशत असहमत छन् । न सहमत न असहमत हुनेको सङ्ख्या १०.२ प्रतिशत रह्यो भने थाहा छैन/भन्न चाहन्न भनी जवाफ दिने १६.२ प्रतिशत छन् । यो भनाइप्रति सहमत हुनेमा लुम्बिनी प्रदेश (२६.१ प्रतिशत) को तुलनामा काठमाडौँ उपत्यका (३५.६ प्रतिशत) का बढी छन् भने काठमाडौँको तुलनामा मधेस प्रदेश (४३.१ प्रतिशत) का अझ बढी छन् । त्यस्तै यो भनाइप्रति असहमत हुनेमा मधेस प्रदेशका ४० प्रतिशत, लुम्बिनीका ३४.२ प्रतिशत र काठमाडौँ उपत्यकाका ४१.६ प्रतिशत छन् ।

## पुराना र स्थापित राजनीतिक दलहरू आफ्ना सिद्धान्त र सङ्गठनमा प्रष्ट र कुशल छन् ।





चित्र २.२ (क) : राजनीतिक दलहरूको सैद्धान्तिक प्रष्टताको विषयमा उत्तरदाताको धारणा

## पुराना दलले गणतन्त्र र सङ्घीयताको स्वामित्व लिएका छन् ।




चित्र २.२ (ख) : राजनीतिक दलहरूको सैद्धान्तिक प्रष्टताको विषयमा उत्तरदाताको धारणा




चित्र २.२ (ग) : राजनीतिक दलहरूको सैद्धान्तिक प्रष्टताको विषयमा उत्तरदाताको धारणा

## २.३ सकारात्मक परिवर्तनका लागि रूपान्तरण


पुराना राजनीतिक दलको कार्यशैलीमा परिवर्तन हुनु आवश्यक छ भन्ने भनाइप्रति ९२ प्रतिशत सहमत छन् भने असहमत हुने १.७ प्रतिशत मात्रै छन् । यो भनाइप्रति सहमत हुनेमा लुम्बिनी (८८.८ प्रतिशत) को तुलनामा मधेस (९१.८ प्रतिशत) का धेरै छन् भने त्यस भन्दा पनि काठमाडौँ उपत्यका (९५.४ प्रतिशत) का अझ बढी छन् ।

पुराना राजनीतिक दलमा पुस्तान्तरण भएर नयाँ नेतृत्व हुनु आवश्यक छ भन्ने भनाइप्रति ९१.८ प्रतिशत सहमत र २ प्रतिशत असहमत छन् । यो भनाइप्रति सहमत हुनेमा लुम्बिनी प्रदेश (८९.८ प्रतिशत) को तुलनामा काठमाडौँ उपत्यका (९२.६ प्रतिशत) का बढी छन् भने थोरैले भए पनि त्यस भन्दा बढी मधेस प्रदेश (९३ प्रतिशत) का छन् ।


अहिले उदाएका नयाँ राजनीतिक दलले काम गर्न आवश्यक छ भन्ने भनाइप्रति ८९.७ प्रतिशत सहमत र २.८ प्रतिशत असहमत छन् । यो भनाइप्रति सहमत हुनेमा लुम्बिनी प्रदेश (८६.५ प्रतिशत) को तुलनामा काठमाडौँ उपत्यका (९०.१ प्रतिशत) का बढी छन् भने त्यस भन्दा पनि बढी मधेस प्रदेश (९२.४ प्रतिशत) का छन् ।

स्वतन्त्र व्यक्ति नेतृत्वमा आउनु आवश्यक छ भन्ने भनाइप्रति ८९.३ प्रतिशत सहमत र ३.७ प्रतिशत असहमत छन् । यो भनाइप्रति सहमत हुनेमा काठमाडौँ उपत्यका (८६.६ प्रतिशत) को तुलनामा लुम्बिनी प्रदेश (८७.४ प्रतिशत) का धेरै छन् भने त्यस भन्दा पनि बढी मधेस प्रदेश (९३.९ प्रतिशत) का छन् ।


## पुराना राजनीतिक दलको कार्यशैलीमा परिवर्तन हुनु आवश्यक छ ।





## पुराना राजनीतिक दलमा पुस्तान्तरण भएर नयाँ नेतृत्व हुनु आवश्यक छ ।




चित्र २.३ (क) : सकारात्मक परिवर्तनका लागि राजनीतिक दलहरूले गर्नुपर्ने कामको विषयमा उत्तरदाताको धारणा








चित्र २.३ (ख) : सकारात्मक परिवर्तनका लागि राजनीतिक दलहरूले गर्नुपर्ने कामको विषयमा उत्तरदाताको धारणा

## २.४ सामाजिक सञ्जालमा राजनीतिक दल

पुराना दल सामाजिक सञ्जालमा बढी आलोचित छन् भन्ने भनाइप्रति ८० प्रतिशत सहमत र ४.५ प्रतिशत असहमत छन् । यो भनाइप्रति सहमत हुनेमा मधेस प्रदेश (७५.६ प्रतिशत) को तुलनामा लुम्बिनी प्रदेश (७९.४ प्रतिशत) का बढी छन् भने त्यस भन्दा बढी काठमाडौँ उपत्यका (८५ प्रतिशत) का छन् ।

नयाँ दल सामाजिक सञ्जालमा बढी प्रिय देखिन्छन् भन्ने भनाइप्रति ७१ प्रतिशत सहमत र ११.९ प्रतिशत असहमत छन् । यो भनाइप्रति सहमत हुनेमा लुम्बिनी प्रदेश (६८.३ प्रतिशत) को तुलनामा मधेस प्रदेश (७०.३ प्रतिशत) का बढी छन् भने त्यस भन्दा बढी काठमाडौँ उपत्यका (७४.५ प्रतिशत) का उत्तरदाता छन् ।





चित्र २.४ : सामाजिक सञ्जालमा राजनीतिक दलहरूको उपस्थितिका विषयमा उत्तरदाताको धारणा

## २.५ राजनीतिक दल र कार्यक्षमता


नयाँ र पुराना दलबीच सरकारमा बसेर काम गर्दा खासै अन्तर देखिँदैन भन्ने भनाइप्रति ५६.९ प्रतिशत सहमत र २४.८ प्रतिशत असहमत छन् । यो भनाइप्रति सहमत हुनेमा लुम्बिनी प्रदेश (४८.३ प्रतिशत) को तुलनामा काठमाडौँ उपत्यका (५४.७ प्रतिशत) का बढी छन् भने त्यस भन्दा पनि बढी मधेस प्रदेश (६७.६ प्रतिशत) का छन् ।

पुराना दलले गर्न नसकेका काम नयाँ दलले गर्न सक्छन् भन्नेमा विश्वस्त छु भनी सहमत हुने ५५.३ प्रतिशत छन् भने यसमा असहमत हुने २८.१ प्रतिशत छन् । यसरी विश्वस्त हुनेमा लुम्बिनी प्रदेश (५१.५ प्रतिशत) को तुलनामा काठमाडौँ उपत्यका (५३.९ प्रतिशत) का बढी छन् भने त्यस भन्दा पनि बढीचाहिँ मधेस प्रदेश (६०.६ प्रतिशत) का छन् ।

नयाँ वा पुराना दल भन्दा पनि कोही नयाँ व्यक्ति नेतृत्वमा आए परिवर्तन हुन्छ भन्नेमा ढुक्क हुन सक्छु भन्ने भनाइप्रति सहमत हुने ८१.८ प्रतिशत छन् भने असहमत हुने ८.४ प्रतिशत छन् । यो भनाइप्रति सहमत हुनेमा काठमाडौँ उपत्यका (७९.४ प्रतिशत) को तुलनामा मधेस प्रदेश (८२.९ प्रतिशत) का बढी छन् भने त्यस भन्दा पनि बढीचाहिँ लुम्बिनी प्रदेश (८३.२ प्रतिशत) का छन् ।




चित्र २.५ (क) : राजनीतिक दलहरूको कार्यक्षमताका विषयमा उत्तरदाताको धारणा





चित्र २.५ (ख) : राजनीतिक दलहरूको कार्यक्षमताको विषयमा उत्तरदाताको धारणा


## २.६ आगामी निर्वाचनमा दल छनोट

अब आउने निर्वाचनमा पहिले भोट गरेको पार्टी भन्दा फरक पार्टीलाई भोट गर्नेछु भन्ने कुरामा सहमत ५९.४ प्रतिशत छन् भने असहमत हुने उत्तरदाता १२.४ प्रतिशत छन् । यसमा न सहमत न असहमत हुनेको प्रतिशत ३.६ छ भने भन्न चाहन्न/थाहा छैन भनी जवाफ दिनेको प्रतिशत १६.१ छ ।

यो भनाइमा सहमत हुनेमा लुम्बिनी प्रदेश (५०.८ प्रतिशत) र काठमाडौं उपत्यका (५०.९ प्रतिशत) का बराबरी जस्तै छन् भने मधेस (७६.४ प्रतिशत) का त्यस भन्दा २६ प्रतिशत बढी छन् । यसमा असहमत हुनेमा मधेसका ९.७ प्रतिशत, लुम्बिनीका १३.५ प्रतिशत र काठमाडौं उपत्यकाका १४.१ प्रतिशत छन् । यसमा न सहमत न असहमत भन्नेहरूचाहिँ लुम्बिनीमा २.५ प्रतिशत, काठमाडौं उपत्यकाका ४ प्रतिशत र मधेसमा ४.२ प्रतिशत छन् । त्यस्तै मधेसका ७.२ प्रतिशत, लुम्बिनीका १६.४ प्रतिशत र काठमाडौं उपत्यकाका २४.६ प्रतिशतले चाहिँ भन्न चाहन्न/थाहा छैन भन्ने जवाफ दिए । मधेसका २.५ प्रतिशत, काठमाडौंका ६.३ प्रतिशत र लुम्बिनीका १६.८ प्रतिशतको हकमा भने यो भनाइ लागु भएको पाइएन ।




चित्र २.६ (क) : आगामी निर्वाचनमा पहिले भोट गरेको पार्टी भन्दा फरक पार्टीलाई भोट गर्ने विषयमा उत्तरदाताको धारणा





**चित्र २.६ (ख) : आगामी निर्वाचनमा पहिले भोट गरेको पार्टी भन्दा फरक पार्टीलाई भोट गर्ने विषयमा उत्तरदाताको धारणा**

आगामी सङ्घीय चुनावमा भोट गर्दा कसलाई पहिलो प्राथमिकता दिनुहुन्छ भन्ने प्रश्नमा स्वतन्त्र व्यक्तिलाई भन्ने सबै भन्दा धेरै छन् जुन ३५.४ प्रतिशत छ। त्यसपछि नयाँ राजनीतिक दल भन्ने १६.१ प्रतिशत, पुराना राजनीतिक दल भन्ने ११.९ प्रतिशत र क्षेत्रीय राजनीतिक दल भन्ने १.३ प्रतिशत छन्। २६.९ प्रतिशतले निर्णय गरिसकेको छैन भन्ने जवाफ दिए भने ७.३ प्रतिशतले भन्न चाहन्न भन्ने जवाफ दिए। १.१ प्रतिशतले चाहिँ भोट नै गर्दिन भन्ने जवाफ दिए।

त्यस्तै मधेसका ४१.५ प्रतिशत, लुम्बिनीका ३४.९ प्रतिशत र काठमाडौँ उपत्यकाका २९.९ प्रतिशतले चाहिँ स्वतन्त्र व्यक्तिलाई मत दिने बताए। नयाँ राजनीतिक दल भन्नेमा मधेसका १८.१ प्रतिशत, लुम्बिनीका १२.४ प्रतिशत र काठमाडौँ उपत्यकाका १७.७ प्रतिशत छन्। मधेसका ९.९ प्रतिशत, लुम्बिनीका १३.४ प्रतिशत र काठमाडौँ उपत्यकाका १२ प्रतिशतले पुराना राजनीतिक दललाई दिने जवाफ दिए। क्षेत्रीय राजनीतिक दललाई मत दिन्छु भन्नेमा मधेसका ०.८ प्रतिशत, लुम्बिनीका २.३ प्रतिशत र काठमाडौँका ०.६ प्रतिशत छन्।

मधेसका २४.६ प्रतिशत, लुम्बिनीका ३२.९ प्रतिशत र काठमाडौँका २३.३ प्रतिशतले निर्णय गरिनसकेको बताए भने मधेसका ३.२ प्रतिशत, लुम्बिनीका ३.३ प्रतिशत र काठमाडौँ उपत्यकाका १५.७ प्रतिशतले भन्न चाहन्न भन्ने जवाफ दिए। मधेसका १.९ प्रतिशत, लुम्बिनीका ०.६ प्रतिशत र काठमाडौँका ०.८ प्रतिशतले चाहिँ भोट नै गर्दिन भन्ने जवाफ दिए।





**चित्र २.६ (ग) : अब आउने सङ्घीय चुनावमा भोट गर्दा आफूले दिने प्राथमिकताको विषयमा उत्तरदाताको धारणा**

अब आउने प्रदेश चुनावमा भोट गर्दा कसलाई पहिलो प्राथमिकता दिनुहुन्छ ? भन्ने प्रश्नमा पनि सबै भन्दा बढी उत्तरदाता स्वतन्त्र व्यक्तिकै पक्षमा देखिएका छन् जुन ३५.४ प्रतिशत छ। त्यसपछि नयाँ राजनीतिक दल भन्ने १३.७ प्रतिशत, पुराना राजनीतिक दल भन्ने ११.७ प्रतिशत र क्षेत्रीय राजनीतिक दल भन्ने १.३ प्रतिशत छन्। २७.८ प्रतिशत उत्तरदाताले निर्णय गरिसकेको छैन भन्ने जवाफ दिए भने ७.४ प्रतिशतले भन्न चाहन्न भन्ने जवाफ दिए। त्यस्तै, २.७ प्रतिशतले चाहिँ भोट नै गर्दिन भन्ने जवाफ दिए।

स्वतन्त्र ब्यक्तिलाई मत दिन्छु भन्नेमा मधेसका ४१.९ प्रतिशत, लुम्बिनीका ३३.६ प्रतिशत र काठमाडौँ उपत्यकाका ३०.७ प्रतिशत छन्। मधेसका १६.४ प्रतिशत, लुम्बिनीका ११.३ प्रतिशत र काठमाडौँ उपत्यकाका १३.५ प्रतिशतले नयाँ राजनीतिक दललाई मत दिने बताए भने पुराना राजनीतिक दललाई मत दिन्छु भन्नेमा मधेसका १०.३ प्रतिशत, लुम्बिनीका १३.६ प्रतिशत र काठमाडौँ उपत्यकाका ११.२ प्रतिशत छन्। त्यस्तै मधेसका ०.८ प्रतिशत, लुम्बिनीका २.५ प्रतिशत र काठमाडौँ उपत्यकाका ०.४ प्रतिशत उत्तरदाताले चाहिँ क्षेत्रीय राजनीतिक दललाई मत दिने बताए।

मधेसका २४.८ प्रतिशत, लुम्बिनीका ३४.७ प्रतिशत र काठमाडौँ उपत्यकाका २४ प्रतिशत उत्तरदाताले चाहिँ कसलाई मत दिने भन्ने विषयमा निर्णय गरिनसकेको बताए भने मधेसका ३.९ प्रतिशत, लुम्बिनीका ३ प्रतिशत र काठमाडौँ उपत्यकाका १५.४ प्रतिशतले भन्न चाहन्न भन्ने जवाफ दिए। भोट नै गर्दिन भन्नेहरू मधेसमा १.९ प्रतिशत, लुम्बिनीमा १.३ प्रतिशत र काठमाडौँ उपत्यकामा ४.८ प्रतिशत छन्।

**आगामी प्रादेशिक चुनावमा भोट गर्दा तपाईँ कसलाई पहिलो प्राथमिकता दिनुहुन्छ ?**





**चित्र २.६ (घ) : अब आउने प्रादेशिक चुनावमा भोट गर्दा आफूले दिने प्राथमिकताको विषयमा उत्तरदाताको धारणा**

आगामी स्थानीय तहको चुनावमा भोट गर्दा तपाईँ कसलाई पहिलो प्राथमिकता दिनुहुन्छ ? भन्ने प्रश्नमा सबै भन्दा धेरै उत्तरदाताले स्वतन्त्र व्यक्ति भन्ने जवाफ दिएका छन् जुन ४१.५ प्रतिशत छ। त्यसपछि पुराना राजनीतिक दल भन्ने ११.९ प्रतिशत, नयाँ राजनीतिक दल भन्ने ११.५ प्रतिशत छन् भने क्षेत्रीय राजनीतिक दल भन्ने १.१ प्रतिशत छन् । २५.८ प्रतिशतले निर्णय गरिसकेको छैन भन्ने जवाफ दिए भने ६.९ प्रतिशतले भन्न चाहन्न भन्ने जवाफ दिए । १.३ प्रतिशतले चाहिँ भोट नै गर्दिन भन्ने जवाफ दिए ।

मधेसका ४८.४ प्रतिशत, लुम्बिनीका ४०.३ प्रतिशत र काठमाडौँका ३५.८ प्रतिशत उत्तरदाताले स्वतन्त्र व्यक्तिलाई मत दिने बताए । त्यस्तै मधेसका ९.९ प्रतिशत, लुम्बिनीका १४.३ प्रतिशत र काठमाडौँ उपत्यकाका ११.२ प्रतिशत उत्तरदाताले पुराना राजनीतिक दललाई मत दिने बताए भने मधेसका ११.४ प्रतिशत, लुम्बिनीका १०.५ प्रतिशत र काठमाडौँका १२.६ प्रतिशत उत्तरदाताले नयाँ राजनीतिक दललाई मत दिने बताए । क्षेत्रीय राजनीतिक दललाई मत दिन्छु भन्नेहरू मधेसका ०.४ प्रतिशत, लुम्बिनीका २.१ प्रतिशत र काठमाडौँका ०.८ प्रतिशत छन् ।

मधेसका २४.४ प्रतिशत, लुम्बिनीका २८.६ प्रतिशत र काठमाडौँ उपत्यकाका २४.४ प्रतिशतले कसलाई मत दिने भन्ने विषयमा निर्णय गरिनसकेको बताए भने मधेसका ३.६ प्रतिशत, लुम्बिनीका ३.२ प्रतिशत र काठमाडौँ उपत्यकाका १४.१ प्रतिशतले चाहिँ भन्न चाहन्न भन्ने जवाफ दिए । मधेसका १.९ प्रतिशत, लुम्बिनीका ०.८ प्रतिशत र काठमाडौँ उपत्यकाका १.१ प्रतिशतले भोट नै गर्दिन भन्ने जवाफ दिए ।


## आगामी सङ्घीय चुनावमा भोट गर्दा तपाईँ कसलाई पहिलो प्राथमिकता दिनुहुन्छ ?





चित्र २.६ (ङ) : अब आउने स्थानीय चुनावमा भोट गर्दा आफूले दिने प्राथमिकताको विषयमा उत्तरदाताको धारणा

# ३. नेतृत्वप्रति नागरिक दृष्टिकोण


**राजनीतिक नेतृत्वले जनताको चाहनालाई प्राथमिकता दिएको छ ।**




**राजनीतिक नेतृत्वले मेरो कुरा सुन्छ, राम्रो व्यवहार गर्छ ।**




चित्र ३ (क) : राजनीतिक नेतृत्वप्रति उत्तरदाताको धारणा




चित्र ३ (ख) : राजनीतिक नेतृत्वप्रति उत्तरदाताको धारणा

राजनीतिक नेतृत्वले जनताको चाहनालाई प्राथमिकता दिएको छ भन्ने भनाइप्रति ११.१ प्रतिशत सहमत र ८१ प्रतिशत असहमत छन् । यो भनाइप्रति सहमत हुनेमा मधेस (२० प्रतिशत) को तुलनामा लुम्बिनी (८.२ प्रतिशत) को र लुम्बिनी प्रदेशको तुलनामा काठमाडौं उपत्यका (५.२ प्रतिशत) का कम छन् । यो भनाइप्रति असहमत हुनेमा मधेसका ६९.९ प्रतिशत, लुम्बिनीका ८३.२ प्रतिशत र काठमाडौं उपत्यकाका ८९.९ प्रतिशत छन् ।

राजनीतिक नेतृत्वले मेरो कुरा सुन्छ, राम्रो व्यवहार गर्छ भन्ने भनाइप्रति सहमत हुने ७.२ प्रतिशत र असहमत हुने ८७.८ प्रतिशत छन् । यो भनाइप्रति सहमत हुनेमा मधेस प्रदेश (११ प्रतिशत) को तुलनामा लुम्बिनी प्रदेश (६.३ प्रतिशत) र लुम्बिनीको तुलनामा काठमाडौं उपत्यका (४.५ प्रतिशत) का कम छन् । यो भनाइप्रति असहमत हुनेमा मधेसका ८५.९ प्रतिशत, लुम्बिनीका ८८.८ प्रतिशत र काठमाडौंका ८८.६ प्रतिशत छन् ।

विगत केही वर्षयता राजनीतिक नेतृत्वप्रति मेरो भरोसा घटेको छ भन्ने भनाइप्रति ८७.१ प्रतिशत सहमत छन् भने ७.५ प्रतिशत असहमत छन् । यो भनाइप्रति सहमत हुनेमा लुम्बिनी (८६.६ प्रतिशत) को तुलनामा मधेस (८६.८ प्रतिशत) को थोरैले बढी छन् काठमाडौं उपत्यका (८८ प्रतिशत) को त्यस भन्दा बढी छन् । यो भनाइप्रति असहमत हुनेमा मधेसका ८.७ प्रतिशत, लुम्बिनीका ७.६ प्रतिशत र काठमाडौं उपत्यकाका ६.३ प्रतिशत छन् ।

# ४. व्यवस्थाप्रतिको धारणा

## ४.१ सङ्घीयताको सान्दर्भिकता

सङ्घीयताका कारण सेवा/सुविधा लिनका लागि सहज भएको छ भन्ने भनाइ ५६.३ प्रतिशतको छ भने यसमा असहमत हुने २९.८ प्रतिशत छन् । यो भनाइप्रति सहमत हुनेमा काठमाडौँ उपत्यका (४७.२ प्रतिशत) को तुलनामा मधेस प्रदेश (५६ प्रतिशत) का बढी छन् भने त्यस भन्दा पनि बढी लुम्बिनी प्रदेश (६५.८ प्रतिशत) का छन् । यो भनाइप्रति असहमत हुनेमा काठमाडौँ उपत्यकाका ३८.८ प्रतिशत, मधेस प्रदेशका ३०.८ प्रतिशत र लुम्बिनी प्रदेशका २०.२ प्रतिशत छन् ।

सङ्घीयताका कारण करको दर बढेको छ भन्ने भनाइप्रति सहमत हुने ८९.४ प्रतिशत र असहमत हुने २.४ प्रतिशत छन् । यो भनाइप्रति सहमत हुनेमा काठमाडौँ उपत्यका (८७.२ प्रतिशत) को तुलनामा लुम्बिनी प्रदेश (९०.३ प्रतिशत) का बढी छन् भने लुम्बिनीको तुलनामा मधेस प्रदेश (९०.७ प्रतिशत) को थोरैले बढी छन् । यो भनाइप्रति असहमत हुनेमा लुम्बिनी प्रदेशका १.५ प्रतिशत, काठमाडौँ उपत्यकाका २.३ प्रतिशत र मधेस प्रदेशका २.९ प्रतिशत छन् ।

सङ्घीय सांसदको सङ्ख्या घटाउन सके राजनीतिप्रति जनतामा सकारात्मक सन्देश जान्छ भन्ने भनाइप्रति ८२.४ प्रतिशत सहमत र ३.२ प्रतिशत असहमत छन् । यो भनाइप्रति सहमत हुनेमा लुम्बिनी प्रदेश (७०.६ प्रतिशत) को तुलनामा काठमाडौँ उपत्यका (८३.७ प्रतिशत) का बढी छन् भने त्यस भन्दा बढी मधेस प्रदेश (९२.९ प्रतिशत) का छन् । यो भनाइप्रति असहमत हुनेमा मधेसका १.९ प्रतिशत, लुम्बिनीका ३.८ प्रतिशत र काठमाडौँ उपत्यकाका ४ प्रतिशत छन् ।


प्रदेशमा सांसद र मन्त्रीहरूको सङ्ख्या घटाए सङ्घीयताको महत्त्व बढ्छ भन्ने भनाइप्रति सहमत हुने ७९.५ प्रतिशत छन् भने असहमत हुने ४.७ प्रतिशत छन् । यो भनाइप्रति सहमत हुनेमा लुम्बिनी प्रदेश (६९.१ प्रतिशत) को तुलनामा काठमाडौँ उपत्यका (७९.६ प्रतिशत) का बढी छन् भने त्यस भन्दा बढी मधेस प्रदेश (८९.७ प्रतिशत) का छन् । यो भनाइप्रति असहमत हुनेमा लुम्बिनीका ६.३ प्रतिशत, काठमाडौँ उपत्यकाका ५.७ प्रतिशत र मधेस प्रदेशका २.१ प्रतिशत छन् ।

सङ्घीय र स्थानीय सरकारसँग समन्वय गर्न प्रदेश सरकार आवश्यक छ भन्ने भनाइप्रति ४९ प्रतिशत सहमत र ३२.६ प्रतिशत असहमत छन् । यो भनाइप्रति सहमत हुनेमा काठमाडौँ उपत्यका (३९.२ प्रतिशत) का तुलनामा लुम्बिनी प्रदेश (४३.९ प्रतिशत) का बढी छन् भने त्यसको तुलनामा मधेस प्रदेश (६४ प्रतिशत) का अझ बढी छन् । यो भनाइप्रति असहमत हुनेमा काठमाडौँका ४०.९ प्रतिशत, लुम्बिनीका २९.७ प्रतिशत र मधेसका २७.६ प्रतिशत छन् ।


स्थानीय तहको सङ्ख्या बढाए जनतालाई सेवा प्रवाहमा अझै सहज हुने थियो भन्ने भनाइप्रति सहमत हुने ४५.१ प्रतिशत छन् भने असहमत हुने ४१.४ प्रतिशत छन् । यो भनाइमा सहमत हुनेमा काठमाडौँ उपत्यकाका उत्तरदाता (३७.१ प्रतिशत) को तुलनामा लुम्बिनी (४३.५ प्रतिशत) का बढी र त्यसको तुलनामा मधेस (५४.७ प्रतिशत) का अझ बढी छन् । यो भनाइप्रति असहमत हुनेमा काठमाडौँका ५०.६ प्रतिशत, लुम्बिनीका ३८.७ प्रतिशत र मधेसका ३५.२ प्रतिशत छन् ।

सङ्घीय प्रणालीले देशको विविधता (जस्तै- जातीय, भाषिक, धार्मिक, क्षेत्रीय आदि) लाई सम्बोधन गरेको छ भन्ने भनाइप्रति ५७.३ प्रतिशत सहमत छन् भने यसमा असहमत हुनेको प्रतिशत २३.७ छ । यो भनाइप्रति सहमत हुनेमा लुम्बिनी प्रदेश (५०.८ प्रतिशत) को तुलनामा काठमाडौँ उपत्यका (५२.८ प्रतिशत) का बढी छन् भने त्यस भन्दा बढी मधेस प्रदेश (६८.२ प्रतिशत) का छन् ।

## सङ्घीयताका कारण सेवा/सुविधा लिनका लागि सहज भएको छ ।





## सङ्घीयताका कारण करको दर बढेको छ ।





चित्र ४.१ (क) : सङ्घीयताको सान्दर्भिकताको विषयमा उत्तरदाताको धारणा


## सङ्घीय सांसदको सङ्ख्या घटाउन सके राजनीतिप्रति जनतामा सकारात्मक सन्देश जान्छ ।





## प्रदेशमा सांसद र मन्त्रीहरूको सङ्ख्या घटाए सङ्घीयताको महत्त्व बढ्छ ।





चित्र ४.१ (ख) : सङ्घीयताको सान्दर्भिकताको विषयमा उत्तरदाताको धारणा





चित्र ४.१ (ग) : सङ्घीयताको सान्दर्भिकताको विषयमा उत्तरदाताको धारणा





चित्र ४.१ (घ) : सङ्घीयताको सान्दर्भिकताको विषयमा उत्तरदाताको धारणा

## ४.२ संविधान संशोधन

संविधान संशोधन आवश्यक छ भन्ने भनाइप्रति ७२.६ प्रतिशत सहमत छन् भने ५.१ प्रतिशत असहमत छन् । यो भनाइप्रति सहमत हुनेमा लुम्बिनी प्रदेश (५९.७ प्रतिशत) को तुलनामा काठमाडौं उपत्यका (७६ प्रतिशत) का बढी छन् भने त्यस भन्दा अझ बढी मधेस प्रदेश (८२.१ प्रतिशत)का छन् । यो भनाइप्रति असहमत हुनेमा लुम्बिनी प्रदेशका २.९ प्रतिशत, काठमाडौं उपत्यकाका ७.१ प्रतिशत र लुम्बिनी प्रदेशका २.९ प्रतिशत छन् ।




चित्र ४.२ (क) : संविधान संशोधनको विषयमा उत्तरदाताको धारणा




चित्र ४.२ (ख) : संविधान संशोधनको विषयमा उत्तरदाताको धारणा

## ४.३ लोकतान्त्रिक प्रणालीमाथि खतरा

लोकतान्त्रिक प्रणालीमाथि कसबाट खतरा छ भन्ने कुरामा उत्तरदाताहरूले कत्तिको खतरा छ भन्ने विषयलाई समेत मापन गर्दै धारणा ब्यक्त गरेका छन् । यस क्रममा विदेशी शक्तिबाट धेरै छ भन्ने ३२.१ प्रतिशत छन् भने अलि अलि भन्ने ४०.१ प्रतिशत छन् । त्यस्तै १३.७ प्रतिशतले विदेशी शक्तिबाट कत्ति पनि छैन भन्ने जवाफ दिए भने १४.१ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिए । लोकतान्त्रिक प्रणालीमाथि विदेशी शक्तिबाट धेरै खतरा देख्नेमा मधेस प्रदेशका २९.१ प्रतिशत, लुम्बिनी प्रदेशका ३२.४ प्रतिशत र काठमाडौँ उपत्यकाका ३४.९ प्रतिशत छन् भने अलि अलि खतरा देख्नेमा मधेस प्रदेशका ५१.२ प्रतिशत, लुम्बिनीका ३३.८ प्रतिशत र काठमाडौँ उपत्यकाका ३५.४ प्रतिशत छन् । विदेशी शक्तिबाट कत्ति पनि खतरा छैन भन्ने मधेसका १७.७ प्रतिशत, लुम्बिनीका ७.६ प्रतिशत र काठमाडौँ उपत्यकाका १६ प्रतिशत छन् ।

ठूला राजनीतिक दलबाट धेरै खतरा छ भन्ने २९.१ प्रतिशत छन् भने अलि अलि खतरा छ भन्ने ३६.८ प्रतिशत छन् । कत्ति पनि खतरा छैन भन्ने २१ प्रतिशत छन् भने १३.१ प्रतिशतले यस विषयमा थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिए । ठूला राजनीतिक दलबाट धेरै खतरा देख्नेमा मधेसका ४१.१ प्रतिशत, लुम्बिनीका १४.१ प्रतिशत र काठमाडौँका ३२.२ प्रतिशत छन् भने अलि अलि खतरा देख्नेमा चाहिँ मधेसका ४७.४ प्रतिशत, लुम्बिनी प्रदेशका ३७.६ प्रतिशत र काठमाडौँका २५.५ प्रतिशत छन् । ठूला राजनीतिक दलबाट कत्ति पनि खतरा छैन भन्नेचाहिँ मधेसका १०.५ प्रतिशत, लुम्बिनीका २२.५ प्रतिशत र काठमाडौँ उपत्यकाका २९.९ प्रतिशत छन् ।

धर्म निरपेक्ष विरोधी शक्तिबाट लोकतान्त्रिक प्रणालीमाथि धेरै खतरा छ भन्ने १९.८ प्रतिशत छन् भने अलि अलि खतरा देख्ने ३६.५ प्रतिशत छन् । धर्म निरपेक्ष शक्तिबाट कत्ति पनि खतरा छैन भन्ने २७.६ प्रतिशत छन् भने यस विषयमा भन्न चाहन्न/थाहा छैन भनी जवाफ दिने १६.१ प्रतिशत छन् । धर्म निरपेक्ष शक्तिबाट धेरै खतरा देख्नेमा मधेसका ३२.६ प्रतिशत, लुम्बिनीका ९.९ प्रतिशत र काठमाडौँका १६.८ प्रतिशत छन् भने अलि अलि खतरा देख्ने मधेसका ४७.२ प्रतिशत, लुम्बिनीका ३३ प्रतिशत र काठमाडौँ उपत्यकाका २९.३ प्रतिशत छन् । धर्म निरपेक्ष शक्तिबाट कत्ति पनि खतरा छैन भन्ने मधेसका १८.१ प्रतिशत, लुम्बिनीका २९ प्रतिशत र काठमाडौँका ३५.६ प्रतिशत छन् ।

सङ्घीयता विरोधी शक्तिबाट लोकतान्त्रिक प्रणालीमाथि धेरै खतरा छ भन्ने १८.५ प्रतिशत र अलि अलि खतरा छ भन्ने ४१.१ प्रतिशत छन् । कत्ति पनि खतरा छैन भन्ने २१.८ प्रतिशत छन् भने १८.६ प्रतिशतले यस विषयमा थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिएका छन् । सङ्घीयता विरोधी शक्तिबाट लोकतान्त्रिक प्रणालीमाथि धेरै खतरा देख्नेमा मधेसका ३०.३ प्रतिशत, लुम्बिनीका ७.४ प्रतिशत र काठमाडौँ उपत्यकाका १७.९ प्रतिशत छन् भने अलि अलि खतरा देख्नेमा मधेसका ५५.२ प्रतिशत, लुम्बिनीका ३४.९ प्रतिशत र काठमाडौँ उपत्यकाका ३३.३ प्रतिशत छन् । सङ्घीयता विरोधी शक्तिबाट कत्ति पनि खतरा नदेख्नेचाहिँ मधेसका १२.६ प्रतिशत, लुम्बिनीका २३.७ प्रतिशत र काठमाडौँ उपत्यकाका २९.१ प्रतिशत छन् भने यस विषयमा भन्न चाहन्न/थाहा छैन भनी जवाफ दिने मधेसका १.९ प्रतिशत, लुम्बिनीका ३४ प्रतिशत र काठमाडौँका १९.७ प्रतिशत छन् ।

राजावादी दलबाट लोकतान्त्रिक प्रणालीमाथि धेरै खतरा छ भन्ने १७.५ प्रतिशत, अलि अलि खतरा छ भन्ने ३२.७ प्रतिशत छन् भने कति पनि खतरा छैन भन्ने ३७.९ प्रतिशत र यस विषयमा थाहा छैन/भन्न चाहन्न भनी जवाफ दिने ११.९ प्रतिशत छन् । राजावादी दलबाट लोकतान्त्रिक प्रणालीमाथि धेरै खतरा छ भन्नेमा मधेसका २१.९ प्रतिशत, लुम्बिनीका ११.६ प्रतिशत र काठमाडौँका १८.९ प्रतिशत छन् भने अलि अलि खतरा छ भन्नेमा मधेसका ३५.४ प्रतिशत, लुम्बिनीका ३६.३ प्रतिशत र काठमाडौँका २६.५ प्रतिशत छन् । त्यस्तै कत्ति पनि खतरा नदेख्नेमा मधेसका ४१.५ प्रतिशत, लुम्बिनीका २८.२ प्रतिशत र काठमाडौँका ४४ प्रतिशत छन् भने मधेसका १.२ प्रतिशत, लुम्बिनीका २३.९ प्रतिशत र काठमाडौँका १०.६ प्रतिशतले थाहा छैन भन्ने जवाफ दिए ।

पूर्वराजाबाट लोकतान्त्रिक प्रणालीमाथि धेरै खतरा छ भन्ने १४.१ प्रतिशत छन् भने अलि अलि खतरा छ भन्ने २४.२ प्रतिशत छन् । कत्ति पनि खतरा छैन भन्ने ४९.९ प्रतिशत छन् भने भन्न चाहन्न/थाहा छैन भनी जवाफ दिने ११.८ प्रतिशत छन् । पूर्वराजाबाट लोकतान्त्रिक प्रणालीमाथि धेरै खतरा छ भन्नेमा मधेसका १७.३ प्रतिशत, लुम्बिनीका १२.८ प्रतिशत र काठमाडौँका १२.२ प्रतिशत छन् भने अलि अलि खतरा छ भन्नेमा मधेसका १४.७ प्रतिशत, लुम्बिनीका ३३.८ प्रतिशत र काठमाडौँका २४ प्रतिशत छन् । कत्ति पनि खतरा छैन भन्नेमा मधेसका ६६.९ प्रतिशत, लुम्बिनीका ३०.९ प्रतिशत र काठमाडौँका ५१.८ प्रतिशत छन् भने यस विषयमा थाहा छैन/भन्न चाहन्न भनी जवाफ दिने मधेसमा १.१ प्रतिशत, लुम्बिनीमा २२.५ प्रतिशत र काठमाडौँका १२ प्रतिशत छन् ।


नयाँ दलहरूबाट लोकतान्त्रिक प्रणालीमाथि धेरै खतरा छ भन्ने ४.६ प्रतिशत र अलि अलि खतरा छ भन्ने २७ प्रतिशत छन् भने कत्ति पनि खतरा छैन भन्ने ५४.२ प्रतिशत र थाहा छैन/भन्न चाहन्न भनी जवाफ दिने १४.२ प्रतिशत छन् । नयाँ दलहरूबाट लोकतान्त्रिक प्रणालीमाथि धेरै खतरा छ भन्ने मधेस प्रदेशका ५.३ प्रतिशत, लुम्बिनीका २.३ प्रतिशत र काठमाडौँका ६.१ प्रतिशत छन् भने अलि अलि खतरा देख्ने मधेसका ३५.६ प्रतिशत, लुम्बिनीका १९.५ प्रतिशत र काठमाडौँका २५.९ प्रतिशत छन् । कत्ति पनि खतरा छैन भन्ने मधेसका ५८.३ प्रतिशत, लुम्बिनीका ५०.८ प्रतिशत र काठमाडौँका ५३.५ प्रतिशत छन् भने यस विषयमा थाहा छैन/भन्न चाहन्न भनी जवाफ दिने मधेसका ०.८ प्रतिशत, लुम्बिनीका २७.४ प्रतिशत र काठमाडौँका १४.५ प्रतिशत छन् ।

सामाजिक अभियन्ताबाट लोकतान्त्रिक प्रणालीमाथि धेरै खतरा छ भन्ने २.२ प्रतिशत छन् भने अलि अलि खतरा छ भन्ने २४.७ प्रतिशत छन् । कत्ति पनि खतरा छैन भन्ने ५७.८ प्रतिशत छन् भने थाहा छैन/भन्न चाहन्न भनी जवाफ दिने १५.३ प्रतिशत छन् । सामाजिक अभियन्ताबाट लोकतान्त्रिक प्रणालीमाथि धेरै खतरा छ भन्ने मधेसका २.५ प्रतिशत, लुम्बिनीका ०.८ प्रतिशत र काठमाडौँ उपत्यकाका २.९ प्रतिशत छन् भने अलि अलि खतरा छ भन्ने मधेसका ३२.२ प्रतिशत, लुम्बिनीका १३.२ प्रतिशत र काठमाडौँ उपत्यकाका १८.५ प्रतिशत छन् । कत्ति पनि खतरा छैन भन्ने मधेसका ६४.२ प्रतिशत, लुम्बिनीका ६३ प्रतिशत र


काठमाडौँ उपत्यकाका ६५.१ प्रतिशत छन् भने यस विषयमा थाहा छैन/भन्न चाहन्न भन्ने मधेसका १.१ प्रतिशत, लुम्बिनीका २३ प्रतिशत र काठमाडौँ उपत्यकाका १३.५ प्रतिशत छन् ।

स्वतन्त्र राजनीति गर्ने व्यक्ति/समूहबाट लोकतान्त्रिक प्रणालीमाथि धेरै खतरा छ भन्ने २.१ प्रतिशत छन् भने अलि अलि खतरा छ भन्ने २१.३ प्रतिशत छन् । कत्ति पनि खतरा छैन भन्ने ६४.१ प्रतिशत छन् भने थाहा छैन/भन्न चाहन्न भन्ने १२.५ प्रतिशत छन् । स्वतन्त्र राजनीति गर्ने व्यक्ति/समूहबाट लोकतान्त्रिक प्रणालीमाथि धेरै खतरा छ भन्नेमा मधेसका २.५ प्रतिशत, लुम्बिनी प्रदेशका ०.८ प्रतिशत, काठमाडौँ उपत्यकाका २.९ प्रतिशत छन् भने अलि अलि खतरा छ भन्नेमा मधेसका ३२.२ प्रतिशत, लुम्बिनीका १३.२ प्रतिशत र काठमाडौँ उपत्यकाका १८.५ प्रतिशत छन् । कत्ति पनि खतरा छैन भन्नेमा मधेसका ६४.२ प्रतिशत, लुम्बिनी प्रदेशका ६३ प्रतिशत र काठमाडौँ उपत्यकाका ६५.१ प्रतिशत छन् भने यस विषयमा थाहा छैन/भन्न चाहन्न भनी जवाफ दिने मधेस प्रदेशका १.१ प्रतिशत, लुम्बिनी प्रदेशका २३ प्रतिशत र काठमाडौँ उपत्यकाका १३.५ प्रतिशत छन् ।

तालिका ४.३ : लोकतान्त्रिक प्रणालीमाथि कसबाट खतरा छ भन्ने विषयमा उत्तरदाताको धारणा





चित्र ४.३ (क) : लोकतान्त्रिक प्रणालीमाथि कसबाट खतरा छ भन्ने विषयमा उत्तरदाताको धारणा




चित्र ४.३ (ख) : लोकतान्त्रिक प्रणालीमाथि कसबाट खतरा छ भन्ने विषयमा उत्तरदाताको धारणा

## ४.४ विदेशी हस्तक्षेप

देशमा विदेशी हस्तक्षेप बढेको छ भन्ने भनाइप्रति ८०.६ प्रतिशत सहमत र ४.७ प्रतिशत असहमत छन्। यसमा न सहमत न असहमत हुने ४.१ प्रतिशत छन् भने १०.६ प्रतिशतले यो विषयमा थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिए। यो भनाइप्रति सहमत हुनेमा मधेस प्रदेश (७८.९ प्रतिशत)को तुलनामा लुम्बिनी प्रदेश (७९.२ प्रतिशत) का बढी छन् भने लुम्बिनीको तुलनामा काठमाडौँ उपत्यका (८३.६ प्रतिशत) का अझ बढी छन्। यो भनाइप्रति असहमत हुनेमा मधेसका ९ प्रतिशत, लुम्बिनीका १ प्रतिशत र काठमाडौँ उपत्यकाका ४ प्रतिशत छन्।




चित्र ४.४ : विदेशी हस्तक्षेप बढेकोप्रति उत्तरदाताको धारणा


# ५. नागरिक असन्तुष्टि र अभिव्यक्ति

## ५.१ असन्तुष्टि अभिव्यक्त गर्ने तरिका

देशमा विद्यमान समस्याबाट सिर्जित असन्तुष्टि सामाजिक सञ्जालमा लेखेर अभिव्यक्त गर्ने २५.१ प्रतिशत छन् भने त्यसमा असहमत हुने ६४.४ प्रतिशत छन् । यसमा न सहमत न असहमत भन्ने ६.१ प्रतिशत रहे भने ४.४ प्रतिशतले भन्न चाहन्न भन्ने जवाफ दिए । मधेस प्रदेशको सवालमा यसरी असन्तुष्टि ब्यक्त गर्ने २८.९ प्रतिशत छन् भने त्यसमा असहमत हुने ५५.४ प्रतिशत छन् । लुम्बिनी प्रदेशको सवालमा यसरी असन्तुष्टि अभिव्यक्त गर्ने २१.८ प्रतिशत छन् भने त्यसमा असहमत हुने ७०.६ प्रतिशत छन् । त्यस्तै, काठमाडौँ उपत्यकाका २४.४ प्रतिशतले सामाजिक सञ्जालमा लेखेर असन्तुष्टि अभिव्यक्त गर्छन् भने त्यसमा असहमत हुनेको सङ्ख्या ६७.४ प्रतिशत छ ।


घर/परिवार र निकट व्यक्तिसँग कुराकानी गरेर असन्तुष्टि अभिव्यक्त गर्ने ७९.४ प्रतिशत छन् भने त्यसमा असहमत हुने १३.७ प्रतिशत छन् । यसमा न सहमत न असहमत हुने ५.७ प्रतिशत रहे भने १.२ प्रतिशतले भन्न चाहन्न भन्ने जवाफ दिए । मधेस प्रदेशको सवालमा यसरी असन्तुष्टि अभिव्यक्त गर्ने ६८.९ प्रतिशत छन् भने यसमा असहमत हुने १७.३ प्रतिशत छन् । लुम्बिनीको हकमा ८८.४ प्रतिशतले घर/परिवार र निकट व्यक्तिसँग कुराकानी गरेर असन्तुष्टि अभिव्यक्त गर्ने बताए भने त्यसमा असहमत हुने ८.६ प्रतिशत छन् । त्यस्तै, काठमाडौँको हकमा ८०.८ प्रतिशतले घर/परिवार र निकट व्यक्तिसँग कुराकानी गरेर असन्तुष्टि अभिव्यक्त गर्ने बताए भने त्यसमा असहमत हुने १५.३ प्रतिशत छन् ।

निर्वाचनमार्फत मत परिवर्तन गरेर असन्तुष्टि व्यक्त गर्ने ६७.१ प्रतिशत छन् भने त्यसमा असहमत हुने २१.४ प्रतिशत छन् । यसमा न सहमत न असहमत हुने ६.१ प्रतिशत छन् भने ५.४ प्रतिशतले भन्न चाहन्न भन्ने जवाफ दिए । मधेसको हकमा यसरी असन्तुष्टि व्यक्त गर्ने बताउने ७०.८ प्रतिशत छन् भने त्यसमा असहमत हुने १५.८ प्रतिशत छन् । लुम्बिनी प्रदेशको सवालमा ६४.३ प्रतिशतले निर्वाचनमार्फत मत परिवर्तन गरेर असन्तुष्टि व्यक्त गर्ने बताए भने त्यसमा असहमत हुने २४.२ प्रतिशत छन् । यसरी असन्तुष्टि अभिव्यक्त गर्नेमा काठमाडौँ उपत्यकाका ६६.६ प्रतिशत छन् भने त्यसमा असहमत हुने २४.२ प्रतिशत छन् ।





चित्र ५.१ (क) : असन्तुष्टि अभिव्यक्त गर्ने तरिकाका विषयमा उत्तरदाताको धारणा

## घर/परिवार र निकट व्यक्तिसँग कुराकानी गरेर





## निर्वाचनमार्फत मत परिवर्तन गरेर




चित्र ५.१ (ख) : असन्तुष्टि अभिव्यक्त गर्ने तरिकाका विषयमा उत्तरदाताको धारणा

आन्दोलन/विद्रोहमा सहभागी भएर असन्तुष्टि ब्यक्त गर्ने २२.३ प्रतिशत छन् भने यसमा असहमत हुने ७०.६ प्रतिशत छन्। न सहमत न असहमत हुने ४.६ प्रतिशत रहे भने भन्न चाहन्न भन्ने जवाफ दिने २.५ प्रतिशत रहे। यसरी असन्तुष्टि व्यक्त गर्ने भन्ने मधेस प्रदेशमा २५.२ प्रतिशत छन् भने त्यसमा असहमत हुने ६३.१ प्रतिशत छन्। त्यस्तै लुम्बिनी प्रदेशको हकमा यसरी असन्तुष्टि ब्यक्त गर्ने २१.८ प्रतिशत छन् भने त्यसमा असहमत हुने ७३.३ प्रतिशत छन्। काठमाडौँ उपत्यकामा आन्दोलन/विद्रोहमा सहभागी भएर असन्तुष्टि ब्यक्त गर्ने १९.८ प्रतिशत छन् भने त्यसमा असहमत हुने ७५.३ प्रतिशत छन्।





चित्र ५.१ (ग) : असन्तुष्टि अभिव्यक्त गर्ने तरिकाका विषयमा उत्तरदाताको धारणा


## ५.२ असन्तुष्टिको संयोजन

समान धारणा भएका असन्तुष्ट व्यक्तिहरूलाई सामाजिक सञ्जालले जोड्न सक्छ भन्ने भनाइप्रति ६१ प्रतिशत सहमत छन् भने १६.९ प्रतिशत असहमत छन्। यसमा न सहमत न असहमत भन्ने ९.७ प्रतिशत रहे भने १२.४ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिए। यो भनाइप्रति सहमत हुनेमा मधेस प्रदेश (५५.७ प्रतिशत) को तुलनामा लुम्बिनी प्रदेश (५८.४ प्रतिशत) का बढी छन् भने लुम्बिनीको तुलनामा काठमाडौँ उपत्यका (६८.७ प्रतिशत) का अझ बढी छन्। यस भनाइप्रति मधेसका २१.२ प्रतिशत, लुम्बिनीका १५.५ प्रतिशत र काठमाडौँ उपत्यकाका १३.९ प्रतिशत असहमत छन्।

समान धारणा भएका असन्तुष्ट व्यक्तिहरूलाई स्वतन्त्र व्यक्तिले नेतृत्व गर्न सक्छ भन्ने भनाइप्रति ६६.८ प्रतिशत सहमत छन् भने १३.६ प्रतिशत असहमत छन्। न सहमत न असहमत हुनेको सङ्ख्या ८.६ प्रतिशत छ भने ११ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिए। यो भनाइप्रति सहमत हुनेमा लुम्बिनी प्रदेश (६०.९ प्रतिशत) को तुलनामा काठमाडौँ उपत्यका (६५.६ प्रतिशत) का बढी छन् भने काठमाडौँको तुलनामा मधेस प्रदेश (७३.८ प्रतिशत) का अझ बढी छन्। यस भनाइप्रति मधेसका ११.६ प्रतिशत, लुम्बिनी प्रदेशका १३.२ प्रतिशत र काठमाडौँ उपत्यकाका १६.२ प्रतिशत उत्तरदाता असहमत छन्।


समान धारणा भएका असन्तुष्ट व्यक्तिहरूलाई कुनै दलको नेता विशेषले नेतृत्व गर्न सक्छ भन्ने भनाइप्रति ४१.७ प्रतिशत सहमत छन् भने ३३.९ प्रतिशत असहमत छन्। न सहमत न असहमत हुनेको सङ्ख्या ११.९ प्रतिशत छ भने १२.५ प्रतिशतले थाहा




चित्र ५.२ (क) : असन्तुष्टिको संयोजन गर्न सक्ने शक्ति/व्यक्तिको विषयमा उत्तरदाताको धारणा

छैन/भन्न चाहन्न भन्ने जवाफ दिए। यो भनाइप्रति लुम्बिनी प्रदेश (३०.७ प्रतिशत) को तुलनामा काठमाडौं उपत्यका (३५.६ प्रतिशत) का बढी छन् भने काठमाडौंको तुलनामा मधेस प्रदेश (५९ प्रतिशत) का अझ बढी छन्। यो भनाइप्रति मधेसका २१.३ प्रतिशत, लुम्बिनीका ३८.७ प्रतिशत र काठमाडौंका ४१.७ प्रतिशत असहमत छन्।





चित्र ५.२ (ख) : असन्तुष्टिको संयोजन गर्न सक्ने शक्ति/व्यक्तिको विषयमा उत्तरदाताको धारणा

# ६. सरकार परिवर्तन र स्थिरता


छिटो-छिटो सरकार परिवर्तन हुनाले सार्वजनिक सेवा प्रवाह र विकास निर्माणमा बाधा पुगेको छ भन्ने भनाइप्रति ९५.५ प्रतिशत सहमत छन् भने ०.८ प्रतिशत मात्रै असहमत छन्। न सहमत न असहमत हुनेचाहिँ २ प्रतिशत रहे भने थाहा छैन/भन्न चाहन्न भन्ने १.७ प्रतिशत रहे। यो भनाइप्रति सहमत हुनेमा मधेस प्रदेश (९२.४ प्रतिशत) को तुलनामा लुम्बिनी प्रदेश (९६.४ प्रतिशत) का बढी छन् भने लुम्बिनीको तुलनामा काठमाडौँ उपत्यका (९७.५ प्रतिशत) का थोरैले भए पनि अझ बढी छन्। यस भनाइप्रति असहमत हुनेमा मधेसका १.५ प्रतिशत, लुम्बिनीका ०.६ प्रतिशत र काठमाडौँ उपत्यकाका ०.४ प्रतिशत छन्।

**छिटो-छिटो सरकार परिवर्तन हुनाले सार्वजनिक सेवा प्रवाह र विकास निर्माणमा बाधा पुगेको छ।**




चित्र ६ (क) : छिटो-छिटो सरकार परिवर्तनको विषयमा उत्तरदाताको धारणा

देशमा स्थिर सरकार हुन आवश्यक छ भन्ने भनाइप्रति ९६.४ प्रतिशत सहमत छन् भने ०.८ प्रतिशत मात्रै असहमत छन् । न सहमत न असहमत हुनेको सङ्ख्या १.६ प्रतिशत छ भने १.२ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिए । यो भनाइप्रति सहमत हुनेमा लुम्बिनी प्रदेश (९४.७ प्रतिशत) को तुलनामा मधेस प्रदेश (९६.४ प्रतिशत) का बढी छन् भने मधेस प्रदेशको तुलनामा काठमाडौँ उपत्यका (९८.१ प्रतिशत) का अझ बढी छन् । यस भनाइप्रति असहमत हुनेमा मधेसका १.३ प्रतिशत, लुम्बिनीका ०.८ प्रतिशत र काठमाडौँ उपत्यकाका ०.२ प्रतिशत छन् ।




चित्र ६ (ख) : स्थिर सरकारको विषयमा उत्तरदाताको धारणा

# ७. भविष्यप्रतिको आशा

आगामी दिनमा मुलुकमा हुने समग्र सुधारप्रति आशावादी हुने ५३.८ प्रतिशत छन् भने निराशावादी ३०.५ प्रतिशत छन्। न आशावादी न निराशावादी भन्ने १२.२ प्रतिशत छन् भने ३.५ प्रतिशतले थाहा छैन भन्ने जवाफ दिए। यसरी आशावादी हुनेमा लुम्बिनी प्रदेश (४७.३ प्रतिशत) को तुलनामा मधेस प्रदेश (५४.३ प्रतिशत) का बढी छन् भने मधेस प्रदेशको तुलनामा काठमाडौँ उपत्यका (५९.८ प्रतिशत) का अझ बढी छन्। आगामी दिनमा हुने सुधारप्रति निराशावादी हुनेमा मधेस प्रदेश र काठमाडौँ उपत्यकाका बराबरी छन् जुन सङ्ख्या २७.८ प्रतिशत छ। तर लुम्बिनी प्रदेशको हकमा भने आगामी दिनमा मुलुकमा हुने सुधारप्रति निराशावादी हुनेको सङ्ख्या ३६.१ प्रतिशत छ जुन मधेस प्रदेश र काठमाडौँ उपत्यकाको तुलनामा धेरै हो। आगामी दिनमा हुने सुधारप्रति न आशावादी न निराशावादी हुनेमा मधेसका १०.७ प्रतिशत, लुम्बिनीका १४.५ प्रतिशत र काठमाडौँ उपत्यकाका ११.४ प्रतिशत छन् भने थाहा छैन भनी जवाफ दिनेमा मधेस प्रदेशका ७.२ प्रतिशत, लुम्बिनी प्रदेशका २.१ प्रतिशत र काठमाडौँ उपत्यकाको १ प्रतिशत छन्।




चित्र ७ : आगामी दिनमा मुलुकमा हुने सुधारबारे आशाको विषयमा उत्तरदाताको धारणा

# निष्कर्ष

यस अध्ययनले मधेस र लुम्बिनी प्रदेशका साथै काठमाडौँ उपत्यकाका नागरिकको सूचनाको स्रोत, विचार निर्माणमा विभिन्न माध्यमको भूमिकाका साथै राजनीतिक दलहरू र नेतृत्वप्रति उनीहरूको दृष्टिकोण, व्यवस्थाप्रतिको धारणा र संविधान संशोधनप्रतिको जनअभिमत प्रस्तुत गरेको छ। बारम्बारको सरकार परिवर्तनका कारण सिर्जित असन्तुष्टि र स्थिरताप्रतिको नागरिक अपेक्षाका साथै भविष्यमा हुने सुधारप्रतिको नागरिक आकाङ्क्षा पनि सर्वेक्षणले उजागर गरेको छ।

सर्वेक्षणका क्रममा बहुसङ्ख्यक (८३.७ प्रतिशत) उत्तरदाताले आफ्नो सूचना एवं समाचारको माध्यम सामाजिक सञ्जाल अर्थात सोसल मिडिया (फेसबुक, ट्विटर आदि) भएको बताएका छन्। सोसल मिडियालाई सूचनाको स्रोतका रूपमा काठमाडौँ उपत्यका भन्दा मधेस र लुम्बिनी प्रदेशका नागरिकले बढी प्रयोग गर्छन् जबकि काठमाडौँमा चाहिँ सोसल मिडियासँगै मूलधारे मिडियाको उपस्थिति पनि देखिन्छ। सूचना एवं समाचार स्रोतका रूपमा दोस्रो, तेस्रो, चौथो र पाँचौँ स्थानमा क्रमशः टेलिभिजन, अनलाइन, रेडियो र पत्रपत्रिका छन्। मधेस र लुम्बिनी प्रदेशमा रेडियो तेस्रो स्थानमा रहे पनि काठमाडौँ उपत्यकाको हकमा चाहिँ यो माध्यम अनलाइन र पत्रपत्रिका पछि छ। यसले ग्रामीण भेगमा अझै पनि रेडियोको पहुँच कायमै देखिन्छ।

जसरी सूचना एवं समाचार स्रोतका रूपमा मूलधारका मिडियाको प्रयोग घट्दै गएको र सामाजिक सञ्जालको बढ्दै गएको देखिन्छ, विचार निर्माणको सवालमा पनि मूलधारको मिडियाको प्रभाव घट्दै गएको र सामाजिक सञ्जालको बढ्दै गएको सर्वेक्षणले उजागर गरेको छ। मूलधारको मिडिया (पत्रपत्रिका, रेडियो, टिभी, अनलाइन) को भूमिका कमजोर छ भन्नेमा ५०.१ प्रतिशत सहमत छन् भने सामाजिक सञ्जाल (फेसबुक, युट्युब, ट्विटर, टिकटक आदि) को भूमिका महत्त्वपूर्ण छ भन्ने भनाइप्रति ७३.५ प्रतिशत सहमत छन्। काठमाडौँमा मूलधारको मिडियाको विचार निर्माणमा पकड भए पनि मधेस प्रदेशमा भने निकै नै कमजोर देखिन्छ। त्यसो त सामाजिक सञ्जालको भूमिका पनि मधेस र लुम्बिनी प्रदेशको तुलनामा काठमाडौँमा नै बढी महत्त्वपूर्ण देखिन्छ।

आमजनताको धारणा प्रभावित पार्न देश भन्दा बाहिरका नेपालीको विचारले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ भन्ने भनाइप्रति ६३.७ प्रतिशत सहमत हुनुले पनि विचार निर्माणमा विदेशमा रहेका नेपालीको प्रभावलाई पनि नजरअन्दाज गर्न मिल्दैन। सामाजिक सञ्जाल र देशबाहिर रहेकाबीच विचार निर्माणको सवालमा सम्बन्ध देखिन्छ। सामाजिक सञ्जालका कारण कुनै नेता विशेषले नै प्रपोगन्डा (गलत सूचना/भ्रामक खबर) फैलाउन सक्छ भन्ने भनाइप्रति ८०.१ प्रतिशत सहमत छन् भने पार्टी सङ्गठनले नियोजितरूपमा फैलाएको प्रपोगन्डाले आमजनतालाई प्रभाव पार्दैन भन्ने भनाइप्रति असहमत हुने ७२ प्रतिशत हुनुले 'एजेन्डा सेटिङ' मा सोसल मिडियाको प्रभाव कुन हदसम्म हुन सक्छ भन्ने प्रष्ट्याएको छ।

राजनीतिक पार्टीमा आस्था राख्ने (२१.४ प्रतिशत) को तुलनामा आस्था राख्दिन (७७.५ प्रतिशत) भन्ने झण्डै साढे ३ गुणा बढी रहेका देखिन्छ जसले सर्वसाधारण नागरिकमा राजनीतिक दलको नजिक देखाउने भन्दा पनि आफूलाई स्वतन्त्र देखाउन खोज्ने प्रवृत्ति बढेको देखिन्छ। दलमा आबद्धता भन्दा स्वतन्त्र रहने व्यक्तिहरूको सङ्ख्या बढ्दै गएको देखिन्छ। 'पुराना दल' र 'पुराना (उही) नेता' भन्ने भाषा जनतामाझ व्यापकरूपमा प्रचलित भएको अहिलेको अवस्थामा आमनागरिकले पुराना दलमा सुधारको अपेक्षा गरेका छन्। सकारात्मक परिवर्तनका लागि बहुसङ्ख्यक नागरिक (९२ प्रतिशत) पुराना राजनीतिक दलको कार्यशैली परिवर्तन हुन आवश्यक देख्छन्। पुराना राजनीतिक दलमा पुस्तान्तरण भएर नयाँ नेतृत्व हुनु आवश्यक छ भन्ने ९१.८ प्रतिशत छन् जबकि अहिले उदाएका नयाँ राजनीतिक दलले काम गर्न आवश्यक छ भन्ने ८९.७ प्रतिशत र स्वतन्त्र व्यक्ति नेतृत्वमा आउनु आवश्यक छ भन्ने ८९.३ प्रतिशत छन्। यसले पुराना राजनीतिक दलसँग भन्दा पनि त्यसको नेतृत्व र कार्यशैलीसँग असन्तुष्ट भएका देखिन्छ।

पुराना दल सामाजिक सञ्जालमा बढी आलोचित (८० प्रतिशत) र नयाँ दल सामाजिक सञ्जालमा बढी प्रिय देखिन्छन् (७१ प्रतिशत) भन्ने भाष्य निर्माण भए पनि यो धारणा काठमाडौँमा अझ बढी छ। नयाँ र पुराना दलबीच सरकारमा बसेर काम गर्दा खासै अन्तर देखिँदैन भन्ने ५६.९ प्रतिशत र पुराना दलले गर्न नसकेका काम नयाँ दलले गर्न सक्छन् भन्नेमा विश्वस्त हुने ५५.३ प्रतिशत छन्। तर नयाँ वा पुराना दल भन्दा पनि कोही नयाँ व्यक्ति नेतृत्वमा आए परिवर्तन हुन्छ भन्नेमा ढुक्क हुन सक्छु भन्ने ८१.८ प्रतिशत छन्।

आगामी निर्वाचनमा पहिले भोट गरेको पार्टी भन्दा फरक पार्टीलाई भोट गर्छु भन्ने ५९.४ प्रतिशत हुनुले मतदाता कुनै पार्टी विशेष भन्दा पनि एजेन्डाका आधारमा मत दिनेतर्फ लागेका देखिन्छ जुन कुरा पछिल्लो समय स्वतन्त्र देखाउन खोज्ने प्रवृत्तिसँग पनि केही हदसम्म मिल्दोजुल्दो देखिन्छ। त्यसो त, आगामी सङ्घीय चुनावमा भोट गर्दा स्वतन्त्र व्यक्तिलाई प्राथमिकता दिन्छु भन्ने ३५.४ प्रतिशत छन् भने प्रदेश चुनावको हकमा पनि उस्तै देखिन्छ। स्थानीय चुनावमा स्वतन्त्र उम्मेदवारको खोजी गर्ने अझै धेरै छन्।

राजनीतिक दलका कार्यकर्ता र जनप्रतिनिधि नागरिक भन्दा शीर्ष नेताप्रति बढी उत्तरदायी भएकोप्रति उनीहरूमा असन्तुष्टि देखिन्छ। त्यसैले पनि उनीहरूको झुकाव स्वतन्त्र उम्मेदवारप्रति ढल्केको हुन सक्छ। विगतमा जनप्रतिनिधिले नागरिकका मुद्दा संसद्मा उठाउन नसकेको, नेतृत्वलाई उत्तरदायी बनाउन नसकेको बुझाइ नागरिकमा छ। अबका निर्वाचनमा आफूले चुन्ने प्रतिनिधि केही नेता मात्रका लागि प्रयोग नहोउन् भन्नेमा उनीहरू चनाखो छन्। अघिल्लो निर्वाचनमा स्वतन्त्र उठेर विजयी भएका नगर प्रमुखहरूले नागरिककेन्द्रित काम गरेको बुझाइका कारण पनि स्वतन्त्र उम्मेदवारप्रति आकर्षण बढेको देखिन्छ। विगतमा स्वतन्त्र रुपमा विजयी ती नगरप्रमुखहरूले आगामी दिनको राजनीतिमा आफुलाई कता उभ्याउँछन् वा के गर्छन् भन्ने कुराले पनि स्वतन्त्र उम्मेदवारको खोजी गर्ने जनमत केही हदसम्म त्यसैतर्फ प्रभावित हुन सक्छ। स्वतन्त्र उम्मेदवारप्रति देखिएको नागरिकको यो आकर्षण आगामी निर्वाचनको सवालमा राजनीतिक दलहरूका लागि विचारणीय पक्ष हो।

राजनीतिक नेतृत्वले जनताको चाहनालाई प्राथमिकता दिएको छ भन्ने भनाइप्रति ८१ प्रतिशत र राजनीतिक नेतृत्वले मेरो कुरा सुन्छ, राम्रो व्यवहार गर्छ भन्ने भनाइप्रति ८७.८ प्रतिशत असहमत छन् भने विगत केही वर्षयता राजनीतिक नेतृत्वप्रति मेरो भरोसा घटेको छ भन्ने ८७.१ प्रतिशत छन् जसले राजनीतिक नेतृत्वप्रतिको विश्वास अत्यन्त न्यून रहेको देखिन्छ। छिटो-छिटो सरकार परिवर्तन हुनाले सार्वजानिक सेवा प्रवाह र विकास निर्माणमा बाधा पुगेको छ भन्ने ९५.५ प्रतिशत र देशमा स्थिर सरकार हुन आवश्यक छ भन्ने ९६.४ प्रतिशत छन्। यही राजनीतिक अस्थिरतालाई कारण देखाउँदै स्थायित्वका लागि कतिपयले संविधान संशोधनको बहस चलाइरहेको अवस्थामा सर्वसाधारण नागरिकसमेत त्यसप्रति ढल्किँदै गएका देखिन्छ। संविधान संशोधनको आवश्यकता देख्ने ७२.६ प्रतिशत छन् जुन आफैँमा अहिलेको अवस्थामा अर्थपूर्ण छ। त्यसो त, आगामी दिनमा मुलुकमा हुने समग्र सुधारप्रति बहुसङ्ख्यक (५३.८ प्रतिशत) आशावादी छन्। राजनीतिक दलहरूको कार्यशैलीमा सुधार, भरोसायोग्य नेतृत्वको विकास, मजबुत लोकतान्त्रिक प्रणाली कार्यान्वयन र राजनीतिक स्थायित्वको ग्यारेन्टी गर्न सकियो भने अवश्य पनि थप उपलब्धि हासिल गर्न सकिनेछ जसका लागि राजनीतिक दलहरूले स्वस्थ प्रतिस्पर्धा र सहकार्यमा जोड दिन आवश्यक छ।

PURAK ASIA
७७ कुँवर मार्ग, काठमाडौं-३१, नेपाल
☎ ९७७-१-४५६४५९९
info@purakasia.org
www.purakasia.org

**प्रकाशन मिति** : २०८२ मंसिर

**आभार**
सर्वेक्षणको तथ्याङ्क संकलनका लागि **डा. जीवन बानियाँ** र **साकार सापकोटा** नेतृत्वको **सोसल साइन्स वहाः टोली**।

प्रकाशन प्रस्तुती रुपरेखामा सुझाव दिने **शेहनाज बानु** र डिजाइन गर्ने **बिक्रम चन्द्र मजुमदार**।

यस प्रतिवेदनमा व्यक्त विचार, ब्याख्या र निष्कर्षले पूरक एशियाको संस्थागत धारणालाई प्रतिनिधीत्व नगर्न पनि सक्छ।